आज मिती २०७८ साल असार ०४ गतेका दिन यस नार्थे गाउँपालिकाको अध्यक्ष श्री कमलमाया गुरुङ ज्यूको संयोजकत्वमा आपतकालीन बैठक बसी वडा जनप्रतिनिधी, समाजसेवी, बुद्धिजीवी, राजनैतिक दलका जनप्रतिनिधी, शिक्षक कर्मचारी, गाउँपालिका कार्यालयका कर्मचारी, स्थानीय कृषी प्रमुख एवं निम्न जनसमुदायको उपस्थितिमा तपसिल बमोजिमको उपस्थितिमा देहायबमोजिमको निर्णय गरियो।

तपसिल :-

श्री कमलमाया गुरुङ - अध्यक्ष नार्थे गाउँपालिका
श्री प्रमुख प्रशासकीय अधिकृत - विश्वबन्धु रेग्मी . नार्थे गाउँ
श्री तेज बहादुर गुरुङ - वडा अध्यक्ष - नार्थे गा.पा.-४
श्री मिन बहादुर गुरुङ - वडा अध्यक्ष - नार्थे गा.पा.-३
श्री गोविन्दबहादुर सानामगर - वरिष्ठ योजना अधिकृत -
श्री ~~[illegible]~~ चित्र बहादुर पौडेल - लेखा अधिकृत - नार्थे गा.पा.
श्री नविन जोशी - इन्जिनियर - नार्थे गा.पा. -
श्री सविन घिताल - सुचना प्रविधी अधिकृत ,,
श्री रविन्द्रराज पौडेल - लेखापाल - नार्थे गा.पा.
श्री सुर्य पौडेल - कम्प्युटर अपरेटर - नार्थे गा.पा.
श्री ज्ञानेन्द्र पौडेल - कविराज अधिकारी - नार्थे गा.पा.
श्री सुरेन्द्र गुरुङ - राजनैतिक दलको प्रतिनिधी,
श्री धिमान बहादुर गुरुङ - प्र.अ. - आ.मा. लालची विद्यालय
श्री चिनकाजी गुरुङ - सामाजिक परिचालिका - नार्थे गा.पा.
श्री चोक बहादुर गुरुङ - वडा सदस्य - नार्थे गा.पा.-४ -
श्री बलकाजी गुरुङ - आमा समूह - अध्यक्ष ~~[illegible]~~
श्री तेक बहादुर गुरुङ - सालवनी आ.वि. व्यवस्थापन समिति अध्यक्ष
श्री रोहित गुरुङ - शिक्षक कर्मचारी.
श्री दुध बहादुर गुरुङ - महासचिव - जिल्ला खेलकुद परिषद मनाङ
श्री सुमन परियार - स्थानीय कृषी प्रमुख.
श्री राजेन्द्र गुरुङ - स्थानीय जनसमुदाय
श्री मंगलराज गुरुङ - शिक्षक कर्मचारी
श्री ज्ञान बहादुर गुरुङ - स्थानीय जनसमुदाय
श्री नरेश बहादुर दर्जी - कार्यालय सहयोगी - नार्थे गाउँपालिका

Scanned with CamScanner

श्री लोक बहादुर गुरुङ - अध्यक्ष - डाँडे युवा क्लब - आंगार
श्री शर्मिला तामाङ (गुरुङ) - कार्यालय सहयोगी - नासों गा.पा.-४
श्री शेरबहादुर गुरुङ - म.ज.प. - सेनापती -
श्री कन्याकाथी गुरुङ - ~~अध्यक्ष~~ वडा सदस्य - नासों गा.पा.-३
श्री कपरकली गुरुङ - स्थानीय जनसमुदाय
श्री गुतिकाम गुरुङ -
श्री लेखनाथ गुरुङ -
श्री प्रकाशराज सिलवाल -
श्री नवीन लामिछाने - अध्यक्ष - पत्रकार महासंघ मनाङ
श्री विनराज गुरुङ -
श्री आशिष घले गुरुङ - वडा सचिव - नासों गा.पा.-४

निर्णय नं. १ : मिति २०७८ साल आषाढ ३ गतेको निरन्तर वर्षा तथा बाढीको कारण नासों गा.पा.-का ३ वटै वडाहरुमा भएको क्षति तथा रोजगार उत्पन्न विकराल अवस्थामा धैर्य, सुरक्षित र सतर्क भई सुरक्षित स्थानमा बसिदिनु हुन आग्रह गर्ने,

निर्णय नं. २ : बाढीबाट पिडित सबै वडाहरुमा खाद्यान्न तथा राहत तत्काल व्यवस्थापन गरिदिन संघ तथा प्रदेश सरकार संग अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ३ : हाल अवरुद्ध बत्ति, पानी, संचार लगायत अत्यावश्यक सेवा तत्काल संचालनका लागी आवश्यक व्यवस्था मिलाई दिनु संघ, र प्रदेश सरकार संग अनुरोध गर्ने।

निर्णय नं.४: विपदको यस घडीमा सबै वडाहरुमा खाद्यान्न, राहत व्यवस्थापनलाई छुट्टै संयन्त्रको प्रयास गरि जीवन रक्षालाई उच्च प्राथमिकता दिई सो व्यवस्थापनका लागि आवश्यक हुने खर्च व्यवस्थापन गाउँपालिका स्रोत र अन्य निकायबाट समन्वय गरी गाउँपालिकाले गर्ने ।

निर्णय नं.५:

हलचलको क्रममा क्षतिको विवरण संकलनका लागि तयार गरिएको ढाँचामा ९वटै वडा हरुबाट विवरण संकलन गरी आधिकारिक गरि सम्बन्धित निकायमा पेश गर्ने ।

निर्णय नं.६:

वडाको क्षतिको विवरण तयारी आहारका लागि (पालिका बाहिर लैजानु पर्ने अवस्था) समितिलाई ध्यानमा दिई आवश्यक विवरण तयार गर्न सम्बन्धित वडा अध्यक्ष, वडा प्रतिनिधि र वडा सचिवलाई जिम्मेवारी पूर्वक लाग्न अनुरोध गर्ने ।

निर्णय नं.७:

नासोँ गा.पा. कार्यालय बाढीले बगाई लगेको हुँदा स्थानीय सरकारको रुपमा रहेको गाउँपालिकाबाट हाल कुनै पनि सेवा प्रवाह गर्न नसकिएको हुँदा, जिल्ला सदरमुकाम चामे पुग्ने मार्ग समेत नखुलेको हुनाले अस्थायी रुपमा लमजुङको बेसीशहरमा आपतकालीन कार्यालय संचालन गर्न उपयुक्त हुने देखिएको सोका लागि अनुमति दिनका लागि अन्य आवश्यक व्यवस्थापनका लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र संघ तथा प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.८:

हालको विपदमा कुनै पनि घर पूर्ण रुपमा सुरक्षित नरहेको छहर गर्दै बर्षा यामको बखत सुरक्षा नरहेको कारण भविष्यमा थप थप जनधनको हानिबाट बचन

ढलनालाको रुपमा प्रायक र सुरक्षीत बस्तिबस्ती लमजुङ जिल्लाको सदरमुकाम बेंसीशहरको उपयुक्त स्थान खोजी गरी मानिसहरू उद्धार गरी लैजाने व्यवस्थापन गर्न संघीय सरकार र प्रदेश सरकार संग अनुरोध गर्ने एवं आवश्यक पर्ने समन्वयका लागी जिल्ला प्रशासन कार्यालय मार्फत मन्त्रालयलाई अनुरोध गर्ने ।

निर्णय नं. ९:

गाउँपालिकाको वडा नं. २ ओख्ले जोड्ने धारापानी को. पु. वडा नं. ४ जोड्ने थोङ्चे को. पु. वडा नं. ६ र ७ जोड्ने तिलचे को. पु., वडा नं. ८ जोड्ने तान्चे को. पु. बाढीले बगाएर करीब करीब सबै वडाहरू एक आपसमा विच्छेद भएको जानकारी गराउदै आवश्यक व्यवस्थापनका लागी श्री संघीय सरकार र श्री गण्डकी प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १०:

प्रतिनिधी सभा सदस्य माननीय कर्णध्वज र पूर्व श्रम तथा रोजगार मन्त्री माननीय टेक बहादुर गुरुङ -बाट आली [illegible] गाउँपा. को निरीक्षण, सान्त्वना, धैर्यपालनगरी तपसिल बमोजिमको राहत सामाग्री वितरण गर्ने भएकोमा गाउँपा. को तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्ने ।

तपसिल :-

(क) चामल - ३८ बोरा
(ख) चाउचाउ - १४ कार्टुन
(ग) चिउरा - २ बोरा
(घ) बिस्कुट - १ पेटी
(ङ) ब्ल्याङ्केट - ३० थान
(च) त्रिपाल - २ थान
(छ) दाल - ६ बोरा
(ज) खानेतेल - ३ [illegible]
(झ) नुन - १० पोका
(ञ) अत्यावश्यक औषधी तथा स्वास्थ्य सामाग्री ।

निर्णय नं. ११:

बाढीबाट बिस्थापित प्रभु बैंक लिमिटेड र प्राइभेट

कमर्सीयल बैंकको उपयुक्त स्थानमा पुन स्थापना र तत्काल गा.पा.को समन्वयमा अस्थायी एवं द्रुत सेवा लागी आवश्यक व्यवस्था मिलाईदिनुहुन सम्बन्धित बैंकको केन्द्रीय कार्यालयहरुलाई अनुरोध गर्ने ।

निर्णय नं. १२:

नाम्खा गा.पा वडा नं. ४ ओडारमा नेपाल टेलिकमको स्थापना गरिएको मोबाईल टावरमा बिजुली नहुँदा विपदको सञ्चार सम्पर्क समन्वय गर्न नसकिएकोले तत्काल व्यवस्थापनको लागि आवश्यक ब्याट्री सोलार सिस्टम जडानको व्यवस्था मिलाईदिन श्री सूचना तथा संचार मन्त्रालय र नेपाल टेलिकम केन्द्रीय कार्यालयलाई अनुरोध गर्ने ।

निर्णय नं. १३:

हाललाई सूचना संचार र बिजुलीको लागी वडा नं. ४ ओडारमा रहेको श्री तिलक जंग शाहको निजि जेनेरेटर प्रयोग गर्ने सोको भाडा, इन्धन लगायतको खर्च नाम्खा गा.पा.को तर्फबाट व्यहोर्ने र व्यवस्थापनको लागी श्री डाँफे युवा क्लब ओडारलाई अनुरोध गर्ने ।

निर्णय नं. १४:

हाल नाम्खा गा.पा मा कार्यरत गाउँपालिका तथा अन्य विषयगत शाखाका कार्यरत कर्मचारीहरु एक आपसमा सम्पर्क विच्छेद भई विपत्तीमा परेको अवस्थामा श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एवं सम्बन्धित निकायमा अनुरोध गर्ने ।

निर्णय नं. १५:

पूर्ण रुपमा विस्थापित भएको वडा नं. ४ यालबालको स्थानीय गा.पा. कर्मचारीहरु, विषयगत कर्मचारीहरु, बैंक वित्तिय संस्थाका कार्यरत कर्मचारीहरु, व्यवसायी एवं सम्पूर्ण बासीहरुलाई खाद्यान्न तथा आवासको लागी गर्नु भएको व्यवस्थापनको लागी युवा क्लब, वडा कार्यालय, आमा समूह, हाँगनाई, लगायत सम्पूर्ण वडा नं. ४ बासीहरुमा गा.पा.को तर्फबाट हार्दिक आभार एवं धन्यवाद ज्ञापन गर्ने ।

निर्णय नं. १६ :

हाल वडा नं. ४ र ८ का अवरुद्ध खानेपानी सेवा सुचारु आन्तरिक हेभीलाइट परिचालन, निर्माण र मुहान खोला लघु जलविद्युत संचालनमा सम्पादन गर्नुपर्ने आवश्यक कार्य गर्ने पूर्व वडा कार्यालय डाँफे सुवा र बम (लामा) पुर्वा सम्पलाई जिम्मेवारी दिई सो कार्यमा हुने आवश्यक खर्च गाउँपालिकाबाट व्यहोर्ने।

आज मिति २०७८।०३।०६ गतेको दिन विपत् व्यवस्थापन समिति संयोजक तथा यस मासी गाउँपालिका अध्यक्षको संयोजकत्वमा देहायको निर्णय गरियो ।

तपसिल

श्री

श्री चन्द्र घले - अध्यक्ष
श्री कमल माया गुरुङ - उपाध्यक्ष
श्री तर्क बहादुर गुरुङ - वडा अध्यक्ष
श्री विश्व बन्धु रेग्मी - प्रमुख प्र. अधिकृत
श्री गोविन्द बा. रानामगर - वरिष्ठ योजना अधिकृत
श्री चित्र बा. पौडेल - लेखा अधिकृत
श्री नविन जोशी - इन्जिनियर
श्री ज्ञानेन्द्र पौडेल - कविराज अधिकृत
श्री सुरेन्द्र गुरुङ - राजनितिक दलको प्रतिनिधी (ने.का जिल्ला सचिव)
श्री रविन्द्रराज पौडेल - लेखापाल
श्री आशिष आले मगर - वडा सचिव
श्री सूर्य पौडेल - क. अपरेटर
श्री शेर बहादुर गुरुङ - भु. पु. सेनापती
श्री कन्या माया गुरुङ - वडा सदस्य मासी गा.पा ३
श्री मिश्री माया गुरुङ - अ. हे. व थोचे हे.पो.
श्री रत्न कुमारी गुरुङ - ने. एमाले प्रतिनिधि
श्री छोडेन याङ्जेन लामा - हे. अ. थोचे हे.पो.
श्री डिमान सिंह गुरुङ - भु.पु उप-सेनापति
श्री कमल मजकोटी - सब. इन्सपेक्टर धारापानी चौकी
श्री सोनिया गुरुङ - धारापानी युवा क्लब कोषाध्यक्ष
श्री चोक बहादुर गुरुङ - वडा सदस्य मासी गा.पा ४
श्री सबिन छिताल - सूचना प्रविधि अधिकृत
श्री सुरेन्द्र बराल - प्राइम बैंक शाखा प्रमुख
श्री पिन कार्मी गुरुङ - सामाजिक परिचालिका
श्री मैत माया गुरुङ - स्थानीय बासिन्दा
श्री नन्दा गुरुङ - स्थानीय समाजसेवी
श्री किरण गुरुङ - समाजसेवी
श्री चित्र बहादुर गुरुङ - स्थानीय बासिन्दा
श्री नन्दा गुरुङ - जिल्ला स्वास्थ्य आ. द. अध्यक्ष

Date
Page

आज मिति २०७८।०३।०८ गतेका दिन नासौं गाउँपालिकाका अध्यक्ष श्री चन्द्र घले ज्यूको अध्यक्षता एवं देहायका पदाधिकारीहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसि निम्न अनुसार निर्णय गरियो ।

तपसिल

श्री चन्द्र घले गा.पा. अध्यक्ष
श्री कमल माया गुरुङ गा.पा उपाध्यक्ष
श्री अलक बहादुर गुरुङ अध्यक्ष नासों गा.पा वडा नं.१
श्री मीन बहादुर गुरुङ अध्यक्ष नासौं गा.पा. वडा नं.२
श्री तर्क बहादुर गुरुङ ,, ,, ,, ,, ३
श्री छिरिङ ज्याल्पो घुमेल ,, ,, ,, ,, ४
श्री [illegible]ङमा ओग्याङल घुमेल ,, ,, ,, ,, ५
श्री धन बहादुर गुरुङ ,, ,, ,, ,, ६
श्री रुप जङ गुरुङ ,, ,, ,, ,, ७
श्री सुनिल गुरुङ ,, ,, ,, ,, ८
श्री तिलकुमारी गुरुङ का.व. ,, ,, ,, ,, ९
श्री सुरेश थकाली कार्यपालिका सदस्य नासौं गा.पा
श्री तुलबहादुर बि.क ,, ,, ,,
श्री माहिली लामा ,, ,, ,,
श्री फुलमाया गुरुङ ,, ,, ,,
श्री निमिक्षा गुरुङ ,, ,, ,,
श्री विश्व बन्धु रेग्मी सदस्य सचिव ,, ,,
श्री गोविन्द बहादुर रानामगर वरिष्ठ कार्यक्रम अधिकृत
श्री चित्र बहादुर पौडेल लेखा अधिकृत
श्री नविन जोशी इन्जिनियर
श्री रविन्द्र राज पौडेल लेखापाल
श्री तुलसीराम गुरुङ स्वास्थ्य संयोजक

Scanned with CamScanner

निर्णय नं. १
मिति २०७८/४/०३ र २०७८/३/०६ गतेको बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा समीक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरू तत्काल प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।

निर्णय नं. २
मिति २०७८/४/०६ को विपद् व्यवस्थापन समितिको बैठकको सिफारिस बमोजिम पहिरोबाट पूर्ण रूपमा विस्थापित परिवार र ५ वटा वडाहरूमा पहिरोबाट प्रभावित घरपरिवार तथा समुदायमा खाद्यान्न संकट हुन गएकोले तत्काल नागरिकहरूको जीवन रक्षाका लागि तपसिल बमोजिमको राहत वितरण गर्ने ।
(अनुसूची- १)

निर्णय नं. ३
मिति २०७८ असार ५ गतेको पहिरोबाट नासों गा. पा. को प्रशासनिक भवन सहित एवं सामाग्रीहरू बगाई लगेको हुँदा कार्यालयको कामकाज, प्रकोप व्यवस्थापनका लागि खर्चको व्यवस्थापन, अ.ग.ब. को अन्त्य समेत हुन गएकोले बकस कुल्चानी गर्ने दायित्व, सरकारी कोष व्यवस्थापन गर्ने चौक बगाई लगेकोले चौक तथा कुल्चानीको समस्या जस्ता कार्य समेतलाई ध्यान दिई हाललाई नियमानुसार कुनै स्थानबाट आपतकालीन कार्यालयबाट हुने सेवा प्रवाह गर्ने :-

(क) नासों गा. पा. वडा नं. ३ को कार्यालय रहेको कोठा भाडामै नयाँ बाढीको जोखिम नरहेसम्म गाउँपालिकाको कामकाज गर्ने र सबै वडाको समन्वय गर्ने ।

Scanned with CamScanner

(१५) आपतकालीन कार्यालयको सेवा केन्द्रको रुपमा प्रमुख भैरहेको लमजुङ जिल्लाको बेंसीसहरमा कार्यालयको प्रशासनिक र आर्थिक रुपमा जिम्मेवार पदाधिकारी खटिएको आपतकालीन सेवा शुरु गर्ने।

निर्णय नं. ३

सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद प्रकृया अगाडी बढेको ५ बेडको अस्पताल भवन जोखिमको प्राबिधिक प्रस्ताव मूल्यांकन भई आर्थिक प्रस्ताव मूल्यांकन हुन लागेका बाहिर प्रकाशित भएको छ। हाल प्रस्तावित अस्पताल निर्माण गर्ने जग्गाको स्थानमा चारैतिर बाट पहिरो तथा मर्स्याङ्दी नदिको कटान ले भवन बनाउन नहुने अवस्थामा पुगेको छ।

अतः सार्वजनिक खरिद ऐन तथा नियमावलीको त्रुटि तथा स्पष्ट कमी रहेको यसैबाट सुगाई लगेकोले ऐन तथा नियमावलीको दफा / नियमको व्यवस्था उल्लेख गर्न नसकिने अवस्था सृजना भएकोले यस्तो विषम परिस्थितिमा प्रचलित ऐन / नियमावली आकर्षित हुने गरी उक्त ५ बेडको अस्पताल निर्माणको खरिद प्रकृया रद्द गर्ने।

निर्णय नं. ४

गा. पा. को प्रस्तावित प्रशासनिक भवन निर्माण कार्यका लागी खरिद भएको जग्गा मर्स्याङ्दी नदीको कटानले जोखिममा परेकोले सोका लागी शुरु गरिएको डिपिआर प्रकृया स्थगित गर्ने।

Date ______
Page ______

निर्णय नं. ४
राहत तथा आपतकालीन उद्धार कार्यलाई व्यवस्थित एवं प्रभावकारी बनाउन तपसिल बमोजिमको समिति गठन गर्ने।

पालिकास्तरीय राहत तथा उद्धार मूल समिति

संयोजक :- गाउँ पा. का अध्यक्ष
सदस्य :- " " " " उपाध्यक्ष
" :- ५ वटै वडाका वडा अध्यक्षहरु
आमन्त्रित गर्न सकिने
* गा. पा. मा क्रियाशील राजनीतिक दलका प्रतिनिधिहरु

वडा स्तरीय राहत तथा उद्धार उप समिति

संयोजक :- वडा अध्यक्ष
सदस्य :- वडा सदस्यहरु
आमन्त्रित गर्न सकिने:
* सम्बन्धित वडामा रहेका गाउँ कार्यपालिकाका सदस्यहरु
* वडामा क्रियाशील राजनीतिक दलका प्रतिनिधी

निर्णय नं. ६
१ बेडको अस्पताल भवन निर्माणका लागी छनौट भएको परामर्श दाता कम्पनी बाट DPR को प्रतिवेदन पेश भई सकेकोले सम्झौता बमोजिमको जिम्मेवारी सृजना भएकोले नियमानुसार भुक्तानी गर्ने।

निर्णय नं. ७
आपतकालीन कार्यालय सेवा केन्द्र लमजुङ बैठकहरूका लागी आवश्यक पर्ने घर भाडामा लिने, १ उपयुक्त सवारी साधन भाडामा लिने, कम्प्युटर डेस्कटप ३ थान, प्रिन्टर २ थान, फोटोकपी मेशीन १ थान, टेबल कुर्सी, बेड सेट तथा कार्यालय मसलन्द सामग्री खरिद गर्ने।

[signature] [signature]

Scanned with CamScanner

निर्णय नं. ७

हाल वर्षातमा पहिरोबाट क्षतिग्रस्त भई अवरुद्ध ६ वटै वडाका पैदलमार्गहरुको मर्मत। सम्भार। निर्माण गरी संचालनमा ल्याउन लाग्ने अवस्था रहेमा तत्काल सम्बन्धित वडा र गा.पा. का प्राविधिकको परामर्शमा बाटो खुलाउने। सोको नेतृत्व वडा अध्यक्षले गर्ने।

निर्णय नं. ८

ताल खोल्कुण्ड तथा कमई हल निर्माणका लागी परामर्शदाता छनौट भई प्रतिवेदन प्राप्त भएकोले DPR को रकम नियमानुसार भुक्तानी गर्ने।

निर्णय नं. ९

मिति २०७८।३।०२ र २०७८।३।०६ को बैठकको निर्णय अनुमोदन गर्ने।

निर्णय नं. १०

बालो गा.पा. को कार्यालयमा राजस्व शाखा र जिम्मेवारी तोकिएको कर्मचारी नहुँदा राजस्व लिने र दाखिला गर्ने कार्य अव्यवस्थित भएको हुँदा हाललाई एक राजस्व शाखा (okm) पछि पुनरावलोकन एवं कायम हुने गरी गा.पा. मा स्थापना गरी गा.पा. मा कार्यरत सामाजिक परिचालक मीनकाशी गुरुङलाई कामकाज गर्ने जिम्मेवारी दिने।

निर्णय नं. ११

वडा नं. ६ को आधारभूत स्वास्थ्य केन्द्र भवन, औषधी, कार्यालय सरसमान, उपकरण पाहिलो प्रकारको जानकारी भयो।

निर्णय नं. १२

वडा नं. ६ नगरकोटमा अस्थायी रुपमा संचालनमा रहेको आयुर्वेद औषधालय जोखिममा रहेकोले वडा नं. ६ दानाबुमा रहेको आफ्नै नव निर्मित भवनमा सार्ने।

निर्णय नं: १३
थोरिंडी स्वास्थ्य चौकी, गा. पा. मा स्वीकृत विवरणात्मक आएका तथा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई तत्कालबाट करारावधीमा रहेको मनासम्म पुनैलाई व्यवस्थापन गर्ने र उक्त स्थानमा जोखिम बढेका मिसहरू र गा. पा. आवासमा रहेका कर्मचारीलाई हालकालागि बढी सुरक्षित दौडिएको वडा नं. ६ पानाबपुमा सरकारी कार्यालयको कामकाज समेत सोही स्थान बाट गर्ने गराइने।

निर्णय नं. १४
गा. पा. मा तत्काल अभाव हुन सक्ने अत्यावश्यक औषधी खरिदका लागि विवरण संकलन गरी खरिद गर्न स्वास्थ्य संयोजक लाई जिम्मेवारी दिने।

निर्णय नं. १५
६ वटै वडाबाट बैंकबाट तयार गरिएको क्षतिको विवरण संकलन ढाँचामा यथाशीघ्र विवरण संकलन गरी एकीकृत विवरण तयारीका लागि गा. पा. मा पेश गर्ने।

निर्णय नं. १६
स्वास्थ्य सेवा तर्फ चालु आ. व. २०७७/०७८ का लागि विनियोजित स्थानीय भत्ता शीर्षकमा बजेट मौज्दात रहेकोमा स्वास्थ्यकर्मीहरूका लागि तलब शीर्षकमा बजेट अपुग हुने भएकोले स्थानीय भत्ता शीर्षकको रकम तलब शीर्षकमा रकमान्तर गर्ने।

निर्णय नं. १७
गा. पा. आफ्नो चालु कोषमा रहेको रकमबाट रु. ३०,००००००/- (तीस लाख) स्थानीय तह प्रकोप व्यवस्थापन कोषमा सार्ने र नियमानुसार खर्च गर्ने।

निर्णय नं. १८

गा.पा. को भवन सहित सबै दस्तावेज, श्रेस्ता पार्टीपात नष्ट भएको, कार्यालयबाट सम्पादन हुने अनिवार्य दायित्वको मुलानी, प्रकोप तथा कार्यालय व्यवस्थापनका लागी आवश्यक पर्ने बजेट अभाव, गाउँ सभा संचालन सम्बन्धी व्यवस्था, आर्थिक वर्षको अन्त्यबाट समयमा कार्य सम्पन्न हुन नसक्दा सृजना हुने समस्या आदी जस्ता विषयमा आवश्यक हुने नीतिगत, कानुनी व्यवस्था, निर्देशन तथा स्पष्टीकरणका लागी श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौमा अनुरोध गर्ने।

निर्णय नं. १९

स्थानीय सरकार संचालन ऐन बमोजीम गा.पा. स्तरमा उपाध्यक्षको संयोजकत्वमा एक योजना अनुगमन तथा सुपरिवेक्षण समीति गठन भई कार्यान्वयनमा रहेको छ। उक्त बाट ५ गतेको पार्टीपार अधिकांश पदमा सम्पर्क तथा आवतजावत हुनेको छ तसर्थ उपर्युक्त विषम परिस्थीतिमा मौजुदा समितिको गणपुरक संख्या निर्णयका लागी आवश्यक संख्यामा उपस्थित हुन नसक्ने भएकोले योजनाहरूको अनुगमन, निरीक्षण गरी सिफारिस गर्ने हाल उपलब्ध हुने पदाधिकारीको अवस्थालाई हेरी निम्नानुसारको गा.पा. स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समिति मार्फत कार्य गर्ने।

संयोजक – श्री कमलमाया गुरुङ, उपाध्यक्ष

सदस्य – श्री मिन बहादुर गुरुङ, वडा अध्यक्ष – ३

सदस्य – श्री तर्क बहादुर गुरुङ, वडा अध्यक्ष – ४

[signatures]

निर्णय नं. २०

मिति २०७८।३।०६ को बैठकको निर्णयको बुँदा नं. ५ बमोजिम ५ जना जनाको पूर्ण क्षतिबाट विस्थापित भएकोले तिनीहरूलाई माँडी कुडा र वडा नं. ३ खोरीपारलाका श्री पूर्ण ब. गुरुङ, श्री इन्द्र ब. गुरुङ, श्री भैरवराम गुरुङ, श्री मेघराज गुरुङ र श्री त्रिपाल गुरुङ समेत १४ परिवारलाई जीवन रक्षाका लागि निम्नानुसार खाद्यान्न राहत वितरण गर्ने।

प्रति घर परिवार

(क) चामल – १ बोरा
(ख) दाल – ३ के.जी.
(ग) खाने तेल – २ लिटर
(घ) नुन – २ पोका
(ङ) मस्यौरा – ½ के.जी.
(च) मसला धुलो – १ प्याकेट वा जिरा
(छ) खुर्सानी धुलो – १ प्याकेट
(ज) बेसार धुलो – १ प्याकेट

निर्णय नं. २१

ताक्सीं गा.पा. कार्यालयमा नियमानुसार दाखिला हुने राजस्वका शीर्षकहरू (विभिन्न किसिमका पदार्थ बिक्री, कर, दस्तुर) बापतमा कुनै पनि प्राविधिक आधिकृत सचिवले लिएका रसिदमा रहेको राजस्व रकम ७ (सात) दिन भित्र प्रभु बैंकको सम्बन्धित खातामा जम्मा गर्न निर्देशन दिने।

निर्णय नं. २१

२०७८ आषाढ १ गतेको बाढी तथा पहिरोबाट हुने जस्तो वडामा पुग्ने बाटो अवरुद्ध भएकोले संचालित योजनाहरूको गुणस्तर परीक्षणका लागि कार्यालय बाट पुग्न नसक्ने भएकोले सम्बन्धित वडाको सिफारिस र उ.स.को अनुगमन समितिले सिफारिस गरेका गा.पा. स्तरीय अनुगमन समितिको सिफारिसमा योजनाको भुक्तानी गर्ने।

Scanned with CamScanner

## अनुसूची- १

५ वटै पडामा तत्काल पहिलो चरणमा वितरण हुने:-

- (क) चामल – १५ बोरा २५/३० के.जी.
- (ख) दाल – २ बोरा २५ के.जी.
- (ग) खाने तेल – २ प्याक
- (घ) मस्यौरा – १५ के.जी.
- (ङ) आयो नुन – ६ प्याक
- (च) धुलो मसला – २ के.जी.
- (छ) खुर्सानी – २ के.जी.
- (ज) बेसार – २ प्याकेट

निर्णय नं: ४५

२०७८ आषाढ १ गतेको बाढीले नासेको गा.पा. को भवन सहित कार्यालयका सम्पूर्ण सामग्री बगाई लगेको अवस्था छ। तत्कालको लागि सम्पर्क कार्यालय (आपतकालीन सेवा केन्द्र) लमजुङमा सञ्चालनमा (बेसीसहर) ल्याउने निर्णयानुसार कार्यालय सञ्चालनमा आवश्यक कार्यालय व्यवस्थापन सम्बन्धी जिन्सी सामग्रीहरू, कम्प्युटर लगायतका सूचना प्रविधी तथा मेशिनरी सामान, मसलन्द सामग्री हरु गाउँपालिकाको आयोजना व्यवस्थापन खर्च (कन्टिन्जेन्सी) र कार्यालय संचालन खर्च शीर्षकबाट व्यय भार हुने गरी खरिद गरी कार्यालय संचालन गर्ने।

Date ______
Page ______

आज मिति २०७८ साल आषाढ १६ गतेका दिन नासौं गाउँपालिकाका अध्यक्ष श्री चन्द्र घलेज्यूको अध्यक्षता एवं देहायका पदाधिकारीहरुको उपस्थितिमा कार्यपालिका बैठक बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति:**

| | | |
|---|---|---|
| अध्यक्ष | श्री चन्द्र घले | नासौं गा.पा. |
| उपाध्यक्ष | श्री कमलमाया गुरुङ | नासौं गा.पा. |
| सदस्य | श्री झलक बहादुर गुरुङ | वडा अध्यक्ष नासौं गा.पा.वडा नं. १ |
| सदस्य | श्री भिम बहादुर गुरुङ | वडा अध्यक्ष नासौं गा.पा.वडा नं. २ |
| सदस्य | श्री मिन बहादुर गुरुङ | वडा अध्यक्ष नासौं गा.पा.वडा नं. ३ |
| सदस्य | श्री तर्क बहादुर गुरुङ | वडा अध्यक्ष नासौं गा.पा.वडा नं. ४ |
| सदस्य | श्री छिरिङ ग्याल्पो पुनेल | वडा अध्यक्ष नासौं गा.पा.वडा नं. ५ |
| सदस्य | श्री ङिमा ओङग्याल पुनेल | वडा अध्यक्ष नासौं गा.पा.वडा नं. ६ |
| सदस्य | श्री धन बहादुर गुरुङ | वडा अध्यक्ष नासौं गा.पा.वडा नं. ७ |
| सदस्य | श्री हुपजंग गुरुङ | वडा अध्यक्ष नासौं गा.पा.वडा नं. ८ |
| सदस्य | श्री सुनिल गुरुङ | का.वा.वडा अध्यक्ष नासौं गा.पा.वडा नं. ९ |
| सदस्य | श्री सुरेश थकाली | कार्यपालिका सदस्य |
| सदस्य | श्री तुल ब.वि.क. | कार्यपालिका सदस्य |
| सदस्य | श्री तिल कुमारी गुरुङ | कार्यपालिका सदस्य |
| सदस्य | श्री अमिषा गुरुङ | कार्यपालिका सदस्य |
| | श्री फूलमाया गुरुङ | " " |
| सदस्य | श्री माइली लामा | कार्यपालिका सदस्य |
| सदस्य सचिव | श्री विश्व बन्धु रेग्मी | प्रमुख प्रशासकीय अधिकृत |

**आमन्त्रित:**

प्र.का.अ.श्री गोबिन्द बहादुर रानाभाट

लेखा अधिकृत श्री चित्र बहादुर पौडेल

लेखापाल श्री रविन्द्रराज पौडेल

प्र.अ. श्री सूर्य पौडेल

Scanned with CamScanner

**निर्णय नं.१**

मिति २०७८ आषाढ ०७ गतेको बैठकको निर्णयानुसार लम्जुङ जिल्लाको बेशिसहरमा सम्पर्क कार्यालय (आपतकालीन सेवा केन्द्र) संचालनका लागि प्रशासनिक र आर्थिक रुपमा मुख्य जिम्मेवार कर्मचारी धारापानी देखि बेशिसहरसम्म हेली मार्फत जाँदा लागेको हेली एभरेष्टको भाडा खर्च रु.६०,०००।- स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट खर्च गर्ने ।

**निर्णय नं.२**

स्थानीय स्तरमा रहेका पसलहरुबाट खरिद गरि वितरण गरिएको खाद्यान्न तथा राहत सामग्रीहरुको विलको भुक्तानी सम्बन्धित वडा अध्यक्षको सिफारिसमा दिने ।

**निर्णय नं.३**

विपदको समयमा विस्थापित धारापानीका वासिन्दा, कामदार, स्थानीय व्यवसायी र कर्मचारीहरुलाई खानपान तथा आवास व्यवस्थापनमा सहयोग गर्ने वडा नं. ४ का डाँफे युवा क्लब, आमा समुह, होमस्टे व्यवस्थापन समिति र वडा समितिलाई धन्यवाद ज्ञापन गर्ने ।

**निर्णय नं.४**

गाउँपालिकाको तर्फबाट खरिद गरि विभिन्न वडाहरुमा वितरण गरिने खाद्यान्न तथा राहत सामग्रीको रकम विल बमोजिम र ढुवानी लागि प्रयोग हुने सिम्रिक हेलिकोप्टरको रकम प्रति चार्टर ट्रिप रु.५५,०००।-(अक्षेरुपी पचपन्न हजार रुपयाँ) का दरले हुन आउने सबै ट्रिपहरुको कुल रकम स्थानीय तह प्रकोप व्यवस्थापन कोष शिर्षकबाट खर्च गर्ने सम्बन्धमा ।

**निर्णय नं.५**

बाढीबाट विस्थापित नार्सों गा.पा. वडा नं. १ र ९ को कार्यालय भवन नष्ट भएकोले प्रहरी कार्यालयको सर्जिमन मुचुल्का पश्चात वडा भेला/सर्वदलीय बैठक/वडा समितिको बैठकको निर्णयानुसार उपयुक्त स्थानमा अविलम्भ पुनः स्थापना गर्ने ।

**निर्णय नं.६**

वडा नं ५ को प्रशासनीक कार्यहरु अर्को व्यवस्था नभएसम्मका लागि हाललाई नार्सों गाउँपालिकाको कार्यालयबाट नै सञ्चालन गर्ने ।

Scanned with CamScanner

**निर्णय नं.७**

सम्पर्क कार्यालय (आपतकालिन सेवा केन्द्र) र कर्मचारी आवासका लागि कार्यालयको निर्णयानुसार लम्जुङ जिल्लाको सदरमुकाम वेशिसहरमा भाडामा लिईएको घरभाडा सम्झौता अनुमोदन गरि सम्झौता बमोजिमको प्रति महिना घरभाडा रु.६०,०००।- कर सहित र विद्युत, पानी, फोहर व्यवस्थापन वापतको रकम घरभाडा चालु शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**

आपतकालीन सेवा केन्द्र संचालनका क्रममा पदाधिकारी र कार्यालयका कर्मचारीहरुका लागि संघ, प्रदेश र अन्य सरोकारवाला निकायहरुमा सम्पर्क, कार्यालयको कामकाज, समन्वय, राहत, उद्धारसँग सम्बन्धित कार्यमा खटिरहनु पर्ने भएको र कार्यालयका २ वटा सवारी साधन बाढी तथा पहिरोको कारण धारापानी, मनाङमा नै अलपत्र परी हाल लमजुङसम्म ल्याउन नसकेको अवस्थामा तत्काल आवश्यक १ (एक) सवारी साधन कार्यालयको निर्णयानुसार भाडामा लिईएकोमा सवारी भाडाको सम्झौता अनुमोदन गरि सम्झौता बमोजिमको सवारीको भाडा प्रति महिना रु.१,१०,०००।- कर सहित गा.पा.को आयोजना व्यवस्थापन खर्च (कन्जिन्जेन्सी) शिर्षकबाट खर्च गर्ने ।

**निर्णय नं.९**

बाढीबाट नार्सों गा.पा.कार्यालय बगाई कार्यालयमा रहेका सबै योजना सम्झौताका फाइलहरु, निर्णयहरु बगाई लगेको हुँदा कुन योजनाको कार्य सम्पन्न गर्ने मिति कहिले भन्ने एकीन हुन कठिन भएकोमा हालको विषम अवस्थामा सवै योजना सम्पन्न गर्नु पर्ने म्याद २०७८ आषाढ २० सम्म थप गर्ने, योजनाको पेश्की फर्स्योट तथा अन्तिम भुक्तानीका लागि सम्बन्धित वडाको प्राविधिक, गा.पा.को प्राविधिक, गा.पा.स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति र वडा कार्यालयको सिफारिसको आधारमा पेश्की फर्स्योट तथा अन्तिम भुक्तानी गर्ने ।

**निर्णय नं.१०**

२०७८ आषाढ ०१ को बाढी पहिरो पश्चात सबै वडाहरुमा अभाव भएको अत्यावश्यक औषधी, कोभिड-१९ रोकथाम, नियन्त्रण, पि.पि.ई. लगायत अन्य स्वास्थ्य सामग्रीहरु खरिदका लागि स्वास्थ्य शाखाको समन्वयमा गरिएको खर्च र वेशिसहर देखी नार्सों गाउँपालिकासम्म ढुवानीका लागि नियमानुसार लाग्ने हेलिकोप्टरको भाडा समेत गरि स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट खर्च गरि भुक्तानी गर्ने ।

Scanned with CamScanner

**निर्णय नं.११**

मिति २०७८ आषाढ १ गतेको बाढीबाट विद्युत गृह क्षति भई विद्युत सेवा अवरुद्ध हुँदा मोवाईल सेवा बन्द भई सम्पर्क, समन्वय, राहत र उद्धारका लागि तत्काल वत्तिको बैकल्पिक सेवा उपलब्ध नभएसम्मका लागि मोवाइल सेवामा संचालनमा ल्याउन वडा नं.६ मा रहेका योज बहादुर गुरुङको निजी जेनेरेटर भाडामा लिई मंगल प्रसाद गुरुङसँग रहेको पेट्रोल खरिद वापतको रकम गाउँपालिकाबाट वेहोर्ने गरि कार्यादेश दिईएकोमा उक्त जेनेरेटरको भाडा र पेट्रोल खरिदको रकम समेत गरि नासौं गा.पा. वडा नं. ६ को सिफारिससाथ रु.२३१००।- भुक्तानीका लागि अनुरोध भई आएकोले पेश भए बमोजिमको रकम स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिने ।

**निर्णय नं.१२**

आ.ब.२०७६/०७७ को संघीय बजेट बक्तव्यमा प्रत्येक महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई यातायात वापत रु.३०००।- दिदै आएकोमा दोब्बर गरिने घोषणा भएकोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. ६५१ मिति २०७८/०३/१५ को पत्रबाट गा.पा.को लागि विनियोजित रु.९,०००००।- प्रविष्ट भइसकेकोले सोही शिर्षकबाट खर्च गर्ने गरी पत्राचार भएकोले गा.पा.बाट कार्यक्रम छनौट गर्दा स्वयंसेविकाको पूर्ण ताजकिय तालिम लागि रु.१,०००००।- विनियोजन भएतापनि उक्त शिर्षकबाट खर्च नभएको हुँदा सोही शिर्षकको बजेट बाट २८ जनाको थप रु.३,०००।- का दरले हुन आउने जम्मा रु.८४,०००।- यातायात खर्च शिर्षक प्रविष्ट गरि भुक्तानी गर्ने ।

**निर्णय नं.१३**

२०७८ आषाढ १ गतेको भिषण बाढी पहिरोबाट गाउँपालिका क्षेत्रमा भएको क्षति पश्चात भएका विभिन्न छलफल, बैठक तथा अनुगमनको क्रममा भएको खर्च भएको विल बमोजिमको रकम रु.२५,०००।- विविध खर्च शिर्षकबाट भुक्तानी गर्ने ।

**निर्णय नं.१४**

धारापानी स्वास्थ्य चौकी तालमा दरबन्दी भई गाउँपालिकाबाट नासौं गा.पा.वडा नं.१, ताल डाँडामा रहेको हेल्थ डेस्कमा कार्यरत विभिन्न पदका स्वास्थ्यकर्मीहरुको नेपाल सरकारको निर्णयानुसार प्राप्त हुने जोखिम भत्ता वापतको रकम रु.१,४४,०४०।- स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गर्ने ।

Scanned with CamScanner

**निर्णय नं.१५**

थोँचे स्वास्थ्य चौकी थोँचे (अस्थायी कोभिड अस्पताल) मा कार्यरत विभिन्न पदका स्वास्थ्यकर्मीहरुको नेपाल सरकारको निर्णयानुसार प्राप्त हुने जोखिम भत्ता वापतको रकम रु.१,५२,०२०।- स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गर्ने ।

**निर्णय नं.१६**

२०७८ आषाढ १ गते बाढी तथा पहिरोबाट प्रभावित वडा नं. ५ का स्थानीय, कर्मचारी, मजदुरहरुलाई सुरक्षित स्थानमा रहेको वडा नं. ८ मा स्थानान्तरण गरि खाना तथा अस्थायी आवासको व्यवस्था गरिएकोमा उक्त अवसरमा खाद्यान्न खरिद गरि खाना खुवाउने कार्यमा खर्च भएको रकम रु.१०,६०५।- वडा कार्यालयबाट भुक्तानीका लागि सिफारिस साथ पेश हुने आएकोले विल बमोजिमको रकम स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गर्ने ।

**निर्णय नं.१७**

आ.ब.२०७६/०७७ मा सम्झौता भई नासौं गा.पा.को **आवधिक विकास योजना र पर्यटन विकास गुरुयोजना तयारीका** लागि कार्यादेश प्राप्त श्री इन्टिग्रेटेड डेभलपमेन्ट एण्ड मेनेजमेन्ट प्रा.लि., पोखरा, १३, कास्कीले योजना तर्जुमाको कार्य गर्दै गर्दा कोभिड-१९ को विभिन्न चरणमा स्थानीय स्तरमा आवतजावत बन्द जस्ता कारण वस्ती वडाहरुमा छलफल, तथ्यांक संकलन कार्य गर्न ढिलाई भएको र विभिन्न समयमा जारी निषेधाज्ञा आदि विविध कारणले अन्तिम प्रतिवेदन पेश गर्न नसकेकोमा हाल उक्त संस्थाबाट अन्तिम प्रतिवेदन तयार भएकोले छलफल गरि अन्तिम रुप दिन अनुरोध भई आएकोमा विपतको यो महामारीमा गाउँपालिका राहत र उद्धारमा केन्द्रित हुनु परेको, जनप्रतिनिधीहरु भेला भई छलफल गर्न एक वडाबाट अर्को वडा जाने बाटो समेत अवरुद्ध भएकोले प्रतिवेदन माथी छलफल गरि अन्तिम रुप दिन गाउँपालिकाको कार्यालय असमर्थ भएकोले म्याद थप गरि थप छलफल र अध्ययन गर्नु उपयुक्त हुन जाने देखिएको छ ।

२०७८ आषाढ १ गतेको बाढी तथा पहिरोका कारण उक्त कार्यसँग सम्बन्धित कागजात, विभिन्न बैठकका निर्णय, यस पुर्व पेश भएको प्रारम्भिक प्रतिवेदन र निवेदन समेत बगाई लगेको, बाढी पश्चात गाउँपालिकाको स्वरुप नै परिवर्तन भएको अवस्था विश्लेषण गरि दुवै योजनामा पुर्नविचार गरि कार्यक्रम थप तथा संशोधन समेत गर्न अत्यावश्यक भएकोले उक्त प्रा.लि.को कार्य सम्पन्न म्याद अन्तिम पटकका लागि पुन: २०७८ असोज मसान्तसम्म थप गर्ने र सम्झौता बमोजिमको भुक्तानी गर्नुपर्ने रकम आगामी आ.ब.को बजेटमा समावेश गरि प्राप्त प्रतिवेदनको आधारमा क्रमश: भुक्तानी दिने ।

Scanned with CamScanner

**निर्णय नं.१८**

नासौं गाउँपालिका कृषि तथा पशुसेवा केन्द्रमा स्वीकृत दरबन्दी तेरिज बमोजिमका कर्मचारीहरु नहुँदा चालु आ.ब.को सशर्त अनुदान तर्फका कार्यक्रमहरु संचालन हुन सकेको छैन । विगत लामो समय देखि कर्मचारी रिक्त हुँदा लोकसेवा आयोगबाट नयाँ कर्मचारी पदपूर्ति तथा अन्यत्रबाट कर्मचारी सरुवा भई नआएकोले आगामी आ.ब.मा समेत नकरात्मक असर पर्ने भएको छ । स्वीकृत दरबन्दी अनुसारका कर्मचारीहरु नियुक्ती गरि सेवालाई प्रभावकारी बनाउन थप गाउँपालिकालाई व्ययभार नपर्ने र अत्यावश्यक रहेको कारण कृषि विकास र पशु विकास सेवा तर्फ १/१ जना अधिकृत स्तर छैटा तहका प्राविधिक र पशु सेवा तर्फ १ जना ना.प्रा.स. सहायक स्तर चौथो तहको प्राविधिक कर्मचारी आगामी आ.ब.२०७८/०७९ का लागि करारमा लिन प्रचलित कानुन बमोजिम सूचना प्रकाशन गरि करार सेवामा पदपूर्ति गर्ने ।

**निर्णय नं.१९**

आ.ब.२०७७/०७८ पर्यटन कार्यालय, पोखरा, होमस्टे व्यवस्थापन समिति ओडार र नासौं गाउँपालिका वीच समझदारी भई कार्यान्वयनमा रहेको **नम्रुचो अवलोकन स्थल पूर्वाधार निर्माण योजना** संचालनका लागि पर्यटन कार्यालयबाट स्वीकृत रकम रु.१०,०००००।- को १० प्रतिशत रकम रु.१,०००००।- गा.पा.को भैपरी पँजीगत अनुदान शिर्षकबाट विनियोजन भएको निर्णय गाउँपालिकाबाट भएकोमा २०७८ को बाढीले गाउँपालिकाको भवन लगायत सम्पूर्ण कागजात बगाई लगेको हुनाले सोको निर्णय हाल उपलब्ध हुन नसकेको अवस्थामा उक्त योजनाका लागि उल्लेखित बजेट विनियोजन यस पूर्वको कार्यपालिका बैठकबाट भएको सहि सत्य भएकोले उक्त योजनाका लागि उक्त निर्णय बमोजिम कै विनियोजित रु.१,०००००।- बजेटको सिमामा रही पर्यटक कार्यालय, पोखराबाट रु.१०,०००००।- भुक्तानी भएको जानकारी पश्चात गा.पा.को प्रतिवद्धता बमोजिमको रकम भुक्तानी गर्न गाउँपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

Scanned with CamScanner

आज मिति २०७८ साल आषाढ २१ गतेका दिन नार्सों गाउँपालिकाका अध्यक्ष श्री चन्द्र घलेज्यूको अध्यक्षता एवं देहायका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

**उपस्थिति:**

| | | |
|---|---|---|
| अध्यक्ष | श्री चन्द्र घले | नार्सों गाउँपालिका मनाङ |
| उपाध्यक्ष | श्री कमलमाया गुरुङ | नार्सों गाउँपालिका मनाङ |
| सदस्य | श्री झलक बहादुर गुरुङ | वडा नं. १ अध्यक्ष |
| सदस्य | श्री भिम बहादुर गुरुङ | वडा नं २ अध्यक्ष |
| सदस्य | श्री मिन बहादुर गुरुङ | वडा नं. ३ अध्यक्ष |
| सदस्य | श्री तर्क बहादुर गुरुङ | वडा नं. ४ अध्यक्ष |
| सदस्य | श्री डिमा ओडग्याल पुनेल | वडा नं. ६ अध्यक्ष |
| सदस्य | श्री धन बहादुर गुरुङ | वडा नं. ७ अध्यक्ष |
| सदस्य | श्री हुपजंग गुरुङ | वडा नं. ८ अध्यक्ष |
| सदस्य | श्री सुनिल गुरुङ | वडा नं. ९ का.बा.अध्यक्ष |
| सदस्य | श्री सुरेश थकाली | कार्यपालिका सदस्य |
| सदस्य | श्री तिल कुमारी गुरुङ | कार्यपालिका सदस्य |
| सदस्य | श्री माइली लामा | कार्यपालिका सदस्य |
| सदस्य | श्री अमिशा गुरुङ | कार्यपालिका सदस्य |
| सदस्य | श्री फूलमाया गुरुङ | कार्यपालिका सदस्य |
| सदस्य | श्री तुल बहादुर वि.क. | कार्यपालिका सदस्य |
| सदस्य सचिव | श्री विश्व बन्धु रेग्मी | प्रमुख प्रशासकीय अधिकृत |

**आमन्त्रित:**

| | | |
|---|---|---|
| ब.का.अ. | श्री गोबिन्द ब.रानाभाट | नार्सों गा.पा. |
| लेखा अधिकृत | श्री चित्र ब. पौडेल | नार्सों गा.पा. |
| लेखापाल | श्री रविन्द्रराज पौडेल | नार्सों गा.पा. |

Scanned with CamScanner

Date
Page

**निर्णय नं. १**

आज मिति २०७८ आषाढ २१ गतेको दिन कार्यपालिका बैठक बस्ने कार्यतालिका रहेकोमा बैठकको केही समय अगाडी नै नार्सों गाउँपालिका वडा नं.५ का वडा अध्यक्ष श्री छिरिङ ग्याल्पो पुनेल अकस्मात बेहोस भई अस्पताल लगिएकोमा उपचारको क्रममा निधन भएको र चिकित्सकको प्रयास बाबजुद हृदयघातका कारण मृत घोषणा भएको छ। नार्सों गाउँपालिकाका होनहार जनप्रतिधीको अकल्पनीय निधनले गाउँपालिका परिवार स्तब्ध भएको छ। यस दु:खद घडीमा स्वर्गीय छिरिङ ग्याल्पो पुनेलको मृत आत्माको चिर शान्तीको कामना गर्दै बैठकमा श्रद्धासुमन प्रकट गर्दै मौनधारण सहित शोक सन्तप्त परिवारजन प्रति भगवानले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भन्ने कामना सहित समवेदना सहित शोक प्रस्ताव पारित गर्ने।

**निर्णय नं. २**

स्वर्गीय वडा अध्यक्ष छिरिङ ग्याल्पो पुनेलको पार्थिव शरिरलाई निजको परिवारजन काठमाण्डौ रहेका हुँदा परिवारको आग्रह बमोजिम काठमाण्डौ लैजाने उक्त प्रयोजनमा एम्बुलेन्स तथा परिवारका सदस्य सहित जानका लागि व्यवस्था गरिएको गाडीको भाडा गाउँपालिकाबाट खर्च गर्ने।

Scanned with CamScanner

**निर्णय नं.३**

२०७८ आषाढ १ गतेको भिषण बाढी तथा पहिरोका कारण प्रभावित नागरिकहरुलाई खाद्यान्न अभाव भई गाउँपालिकाबाट तपसिलका वडाहरुमा तपसिल बमोजिमको संख्या र दरमा उपलब्ध गराईएको खाद्यान्न राहतको रकम सम्बन्धित विक्रेतालाई स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिने र उक्त सामाग्रीहरु सम्बन्धित वडा अध्यक्षले बुझ्ने र भुक्तानीका लागि सिफारिस दिने ।

**तपसिल:**

**स्थानीय स्तरमा खरिद भई वितरण भएको खाद्यान्न राहत सामग्री:**

| सि.नं. | वडा नं. | सामाग्रीको विवरण | परिमाण | विक्रेताको नाम | कुल मुल्य |
|---|---|---|---|---|---|
| १ | ३ | चामल महाशक्ती | १३ बोरा | गुरुङ किराना स्टोर्स, धारापानी | २५३५० |
| | | चामल | ४५ बोरा | किसोर सप्लायर्स | ८१६०० |
| | | दाल, तेल लगायत आदि | - | | ३५८०० |
| २. | ४ | चाल जिरा | १५ बोरा | राजु किराना स्टोर्स, धारापानी | २८५०० |
| | | दाल, तेल, लगायत आदि | - | | ४४८५० |
| | | चामल जिरा | २० बोरा | विजय स्टोर्स, बगरछाप | ३९००० |
| | | दाल, तेल लगायत आदि | - | | २०९२० |
| ६. | ९ | चामल | १५ बोरा | विजय स्टोर्स, बगरछाप | २९२५० |
| | | दाल, तेल लगायत आदि | - | | २३०३८ |
| | | **कुल जम्मा रु.** | | | ३२८३०८ |

**नोट:**

गुरुङ किराना स्टोर्स, धारापानी, मनाङ — रु.२५३५०।-

किसोर सप्लायर्स, धारापानी, मनाङ — रु.११७४००।-

राजु किराना स्टोर्स, धारापानी, मनाङ — रु.७३३५०।-

विजय स्टोर्स, बगरछाप, मनाङ — रु.११२२०८।-

**कुल जम्मा** — रु.३,२८,३०८।-

Scanned with CamScanner

**पूर्ण विस्थापित घर परिवार दैनिक उपयोग हुने भाँडाकुडा खरिद तथा वितरण, धारापानी, मनाङ**

| सि.नं. | वडा नं. | सामाग्रीको विवरण | परिमाण | विक्रेताको नाम | कुल मुल्य |
|---|---|---|---|---|---|
| १. | ३ | कुकर, थाल, प्लेट, डाडु, पन्यू, चम्चा लगायत आदि | ८ परिवार | भण्डारी स्टोर्स, धारापानी | ८९४१० |

**लम्जुङ वेशिसहरमा खरिद तथा हेलिकोप्टरबाट ढुवानी भई वितरण भएको खाद्यान्न राहत सामग्रीः**

| सि.नं. | वडा नं. | सामाग्रीको विवरण | परिमाण | विक्रेताको नाम | कुल मुल्य |
|---|---|---|---|---|---|
| १. | १ | चामल जिरा | १५ बोरा | स्वस्तिक सप्लायर्स, बेशिसहर, लम्जुङ | २६६५५ |
| | | रातो दाल | २ बोरा | | ६१९२ |
| २ | २ | चामल जिरा | १५ बोरा | | २६६५५ |
| | | रातो दाल | २ बोरा | | ६१९२ |
| ३ | ३ | चामल जिरा | १५ बोरा | | २६६५५ |
| | | रातो दाल | २ बोरा | | ६१९२ |
| ४ | ५ | चामल जिरा | १५ बोरा | | २६६५५ |
| | | रातो दाल | २ बोरा | | ६१९२ |
| ५ | ६ | चामल जिरा | १५ बोरा | | २६६५५ |
| | | रातो दाल | २ बोरा | | ६१९२ |
| ६ | ७ | चामल जिरा | १५ बोरा | | २६६५५ |
| | | रातो दाल | २ बोरा | | ६१९२ |
| ७ | ८ | चामल जिरा | २५ बोरा | | ४४४२५ |
| | | रातो दाल | २ बोरा | | ६१९२ |
| ८ | ९ | सनफलावर तेल | २१ प्याकेट प्रति वडा ३ प्याकेटको दरले | | ५११५६ |
| | | कुल जम्मा रु. | | | २९८८५५ |

Scanned with CamScanner

**निर्णय नं. ४**

बाढीबाट पुर्ण रुपमा क्षतिग्रस्त वडा नं. १ र ९ का वडा कार्यालयहरुको तत्काल कार्यालय सञ्चालनमा ल्याउनका लागि आवश्यक कम्प्युटर, प्रिन्टर, फोटोकपी, ल्यापटप लगायतका १ सेट मेशिनरी सामानहरु स्थानीय तह प्रकोप व्यवस्थाप कोषबाट खर्च हुने गरि खरिद गरि सम्बन्धित वडाहरुलाई वितरण गर्ने ।

**निर्णय नं.५**

२०७८ साल आषाढ २१ गतेको आगामी आ.ब.को बजेटको छलफल बैठकको सिलसिलामा रहँदा अचानक हृदयघातका कारण निधन हुनु भएका नासौं गाउँपालिका वडा नं. ५ का वडा अध्यक्ष श्री छिरिङ ग्याल्पो पुनेलको परिवारलाई निजको धर्म सस्कृति बमोजिमको अन्तिम संस्कार तथा काजक्रिया खर्चमा सहयोग पुग्ने गरि रु.५०,०००।- काजक्रिया खर्च स्वरुप स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट एकमुष्ठ आर्थिक सहयोग उपलब्ध गराउने ।

**निर्णय नं. ६**

बाढीबाट पुर्ण रुपमा क्षतिग्रस्त वडा नं. १ र ९ का वडा कार्यालयहरुको तत्काल कार्यालय सञ्चालनमा ल्याउनका लागि आवश्यक कम्प्युटर, प्रिन्टर, फोटोकपी, ल्यापटप लगायतका १ सेट मेशिनरी सामानहरु स्थानीय तह प्रकोप व्यवस्थाप कोषबाट खर्च हुने गरि खरिद गरि सम्बन्धित वडाहरुलाई वितरण गर्ने ।

**निर्णय नं. ७**

बाढीबाट प्रभावित भई गाउँमा रहेका जेष्ठ नागरिक दीर्घरोगीहरुलाई स्वास्थ्य परीक्षण तथा औषधी खरिदका लागि बाटो अवरुद्ध भई गाउँपालिका बाहिर जान सक्ने अवस्था नरहेकोले निजहरुको जीवन रक्षाका लागि विपदको विषम परिस्थितिमा गाउँपालिकाको स्वास्थ्य शाखा मार्फत अत्यावश्यक औषधी खरिद गरि वितरण गर्नका लागि स्थानीय तह विपद व्यवस्थापन कोषबाट रु.५,०००००।- विनियोजन गरि खर्च गर्ने ।

**निर्णय नं. ८**

२०७८ आषाढ १ मा आएको बाढी तथा पहिरोका कारण क्षतविक्षत भई पूर्ण रुपमा विस्थापित भएका, दर्ता प्रमाणपत्र समेत गुमाएका तर गाउँपालिकामा दर्ता भएका विभिन्न प्रकारका व्यवसायहरुको पुन नयाँ प्रमाणपत्र जारी र आ.ब.२०७७/०७८ मा गर्नुपर्ने नविकरण दस्तुर पूर्ण रुपमा छुट गर्ने ।

Scanned with CamScanner

**निर्णय नं. ९**

२०७८ आषाढ १ गतेको भिषण बर्षा तथा पहिरोबाट नासों गाउँपालिका वडा नं. ९ वस्ने श्री चन्द्र बहादुर नेपालीको घर पहिरोले बगाउँदा विस्थापित भई खाद्यान्न राहत समेत पकाई खानका लागि न्युनतम आवश्यकताका भाडाँकुडाँ नभएकोले उपलब्ध गराईदिन माग भएकोमा व्यहोरा मनासिव देखिएको र निजको आर्थिक अवस्था समेत कमजोर भएका कारण श्री सरस्वती भाँडा पसल वेशिसहर, लम्जुङबाट खरिद भएको न्यूनतम १ सेट भाँडा खरिदको विल रकम रु.५७३०।- स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गरि सामग्री वितरण गर्ने ।

**निर्णय नं.१०**

२०७८ आषाढ १ गतेको भिषण बाढी तथा पहिरोका कारण मर्स्याङदी नदीमा आएको बाढीले नासों गाउँपालिकाको कार्यालय बगाई लगेको हुनाले हाल वडा नं. ३ को कार्यालयबाट नै गाउँपालिकाको कार्यालय सञ्चालन हुँदै आएको छ। भौतिक सामाग्रीहरुको अभाव, बिजुली, टेलिफोन तथा इन्टरनेट सेवा बन्द, आर्थिक बर्षको अन्त्य, योजनाहरुको भुक्तानी तथा अन्य भुक्तानी लगायत राहत खरिद, ढुवानी, वितरण, संघीय तथा प्रदेश सरकारसँगको समन्वय गर्नुपर्ने अवस्था, आर्थिक कारोबार गर्ने बैंकहरु बाढीले बगाउँदा सेवा बन्द आदि जस्ता कारणबाट कार्यपालिकाको निर्णयानुसार सम्पर्क कार्यालय (आपतकालीन सेवा केन्द्र) लम्जुङ जिल्लाको वेशिसहरबाट २०७८ आषाढ ०८ गते देखि सञ्चालनमा रहेकोले उक्त सेवा केन्द्रबाट प्रवाह हुने सेवाहरु २०७८/०५/०१ गतेबाट बन्द गरी हाल गाउँपालिकाको कार्यालयको कामकाज हुँदै आएको वडा नं.३ को वडा कार्यालय तथा कर्मचारी आवास रहेको भवन, धारापानीबाट नै सम्पूर्ण गाउँपालिकाको कार्यालयको कामकाज गर्ने ।

**निर्णय नं. ११**

नासों गा.पा. वडा नं. ५ का वडा अध्यक्ष श्री छिरिङ ग्याल्पो पुनेलको कार्यालयको कामको सिलशिलामा २०७८ आषाढ २१ गते असमायिक निधन भएकोले वडा कार्यालय खर्चको विल भुक्तानीका लागि वडा अध्यक्षको निधनले सिफारिस प्राप्त हुन नसकेको र उक्त वडाका अन्य सदस्यहरु बाढीका कारण काठमाण्डौमा रहेकोले सिफारिस गर्न नसक्ने अवस्था भएको एवं आर्थिक बर्षको अन्त्य आएकोले समयमा भुक्तानी नहुँदा अर्को आ.ब.मा जिम्मेवारी सार्न नमिल्ने भएकोले उक्त वडामा कार्यरत वडा सचिव श्री सुभद्रा अर्यालले तयार गरि पेश गरेको विल भरपाई बमोजिमको रकम वडा कार्यालयहरुलाई बार्षिक रुपमा उपलब्ध गराईने वडा कार्यालय संचालन खर्चको सिमाभित्र रही निजलाई नै भुक्तानी दिने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. १२**

चालु आ.ब.२०७७/०७८ को गा.पा.को स्वीकृत बजेट बमोजिमको थोंचे गुम्बामा हल निर्माण, माने मर्मत, मूर्ति मर्मत, ध्योजो बाल्ने ठाउँ निर्माण र रङरोगन कार्य वडा समितिको सहमतीमा उक्त वडामा बस्ने श्री थुतेन लामालाई जिम्मेवारी दिई कामकाज सम्पन्न भएको छ। भुक्तानीका लागि आवश्यक लिखित कार्यादेश दिने तथा सिफारिस गर्ने क्रममा नै नासौं गा.पा. वडा नं. ५ का वडा अध्यक्ष श्री छिरिङ ग्याल्पो पुनेलको कार्यालयको कामको सिलशिलामा २०७८ आषाढ २१ गते असामयिक निधन भएकोले उक्त कार्य निजबाट सम्पन्न भएको पाइएन। तसर्थ प्रचलित कानुन बमोजिम रिक्त वडा अध्यक्षको जिम्मेवारी सम्बन्धित वडा समितिको सदस्यलाई जेष्ठताको आधारमा दिनुपर्ने हुन्छ तसर्थ उक्त वडा समितिका जेष्ठ सदस्य श्री माइली लामालाई का.बा.वडा अध्यक्षको रुपमा कार्य गर्न अनुरोध गर्ने र निजले उक्त योजना संचालनका लागि कार्य गरिरहेका सम्बन्धित व्यक्तिलाई कार्यादेश दिने र कार्य सम्पन्न विल भरपाईको आधारमा भुक्तानीको लागि सिफारिस भई आए पश्चात उक्त योजनाको अन्तिम भुक्तानी दिने निर्णय गरियो।

क्रमशः:-

Scanned with CamScanner

**निर्णय नं. १३**

निर्माण व्यवसायी कोषबाट उपलब्ध गराईएको नेपाल राष्ट्र बैंकको चेक मार्फत मनाङ जिल्लाका पूर्व जिल्ला विकास समितिका सभापति श्री कप्ली गुरुङबाट रु.६,०००००।- (छ लाख) को चेक प्राप्त भई नार्सों गाउँपालिकाको आन्तरिक अनुदान खातामा आम्दानी बाँधिएको छ । रकम हस्तान्तरणको क्रममा कोषको तर्फबाट उक्त रकम २०७८ आषाढ १ गतेको बाढी तथा पहिरोबाट क्षतिग्रस्त बाटो निर्माण/मर्मतमा खर्च गर्न अनुरोध भई आएको छ । हाल नार्सों गा.पा.को वडा नं.१ को सिमाना म्यार्दीखोला देखि वडा नं.९ को दानाक्यूसम्मको मुलबाटोको विभिन्न खण्डमा पहिरो तथा बाढीका कारण गोरेटो/घोडेटोबाटो हाल सम्म अवरुद्ध छ । तत्काल उक्त खण्डको मुलबाटो खच्चड र मानिसहरु आवतजावत गर्न सक्ने नबनाउने हो भने निकट भविष्यमा नै खाद्यान्न तथा अत्यावश्यक सामग्रीको अभाव भै थप समस्या सृजना हुने भएकोले गोरेटोघोडेटो बाटो खुलाउनका लागि सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम उपभोक्ता समिति गठन, बैंक खाता खोल्ने आदि प्रकृया पुरा गरि कार्य गर्न सक्ने अवस्था छैन । तसर्थ विपतको व्यवस्थापनको विषम परिस्थितिमा कार्यालयका कर्मचारी कार्यालयको कामकाजमा नै खटिनु परेकोले उक्त कार्यको नेतृत्व जनप्रतिनिधिले नलिने हो भन्ने कार्य प्रकृया नै शुरु नहुने भएकोले नार्सों गा.पा.वडा नं. ३ का वडा अध्यक्ष श्री मिन बहादुर गुरुङलाई कामको जिम्मेवारी प्रदान गरि तत्काल खच्चड तथा मानिस आवतजावत गर्न सकिने गरि बाटो खुलाउने निर्णय गरियो ।

**निर्णय नं. १४**

२०७८ आषाढ १ को बाढीबाट गाउँपालिकाको कार्यालय भवन क्षतिग्रस्त भए पश्चात आपतकालिन सेवा केन्द्रको रुपमा लम्जुङ जिल्लाका वेशिसहरमा केन्द्र स्थापना भई कार्य भईरहेकोमा नार्सों गा.पा.धारापानी, मनाङमा २०७८ आषाढ १० मा पेश भएको आगामी आ.ब.२०७८/०७९ को बजेट माथि आषाढ २०, आषाढ २३ को छलफल बैठक, विपद व्यवस्थापन समिति बैठक तथा कार्यपालिकाका विविध बैठक विभिन्न मितिमा लम्जुङ जिल्लाको वेशिसहरमा आयोजना भएकोमा उक्त प्रयोजनमा गाउँकार्यपालिकाका जनप्रतिनिधी, गाउँ सभाका सदस्य, विपद व्यवस्थापन समितिका पदाधिकारी र वडा अध्यक्षहरुको बैठक तथा बसाई व्यवस्थापनमा खर्च भएको होटल दि टुकुचे, होटल घले गाउँ लगायत विल पेश भएका विभिन्न होटलहरुको चिया, खाजा, खाना, होटलबास वापतको रकम विल बमोजिम गाउँपालिकाको विविध खर्च शिर्षकबाट भुक्तानी दिने र उक्त भुक्तानीका लागि गाउँपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner